# प्राकृतिक स्रोतको उपयोग र जैविक विविधता संरक्षणमा नुब्री समुदायको परम्परागत ज्ञान र प्रथाजनित अभ्यासको भूमिका

डा. पासाङ शेर्पा

**लेखसार**

*आदिवासी नुब्री समुदायमा प्रथाजनित संस्था गोवा ल्हेजेन, कू-छोङ र श्याग्या परम्परामार्फत् वनजङ्गल, चरन क्षेत्र, कृषियोग्य भूमिको प्रयोग र दिगो व्यवस्थापन गर्दै आएका छन् । यस्ले जैविक विविधता, प्रकृतिको संरक्षणका साथै समाजमा शान्ति, एकता र सुव्यवस्था कायम गर्न यसले योगदान पुऱ्याएको छ । यो परम्परागत प्रणाली गोरखा जिल्लाको नुब्री उपत्यकामा बसोबास गर्ने नुब्री जातिको वनजङ्गल, भूमि र अन्य प्राकृतिक स्रोतहरूसँग जीविकोपार्जन र आर्थिक रूपमा मात्र नभई सांस्कृतिक, धार्मिकार आध्यात्मिक रूपमा अन्योन्याश्रित सम्वन्ध रहेको छ । नुब्रीहरूले श्याग्या परम्परा, बौद्ध दर्शनको पञ्चशीलमा उल्लेखित अहिंसात्मक सिद्धान्तको आधारमा वन्यजन्तु लगायतका जीवजन्तु, पशुपंक्षी र प्राणीहरूको हिंसा जथाभावी वनजङ्गलको फडानी, डडेलोमा प्रतिवन्ध लगाई आफ्नो भूमि र भू-क्षेत्रमा रहेको जीवजन्तु, प्राणी र प्राकृतिक स्रोतहरूको दिगो व्यवस्थापनमा प्रथाजनित कानून र अभ्यासमार्फत संरक्षण गर्दै आएका छन् । प्रत्येक गाउँमा कुनै प्रकारको झै-झगडा, मुद्दा मामिला, सीमा विवादहरू आइपरेको खण्डमा 'गोवा ल्हेन्जेन' मिलाउने गर्दछन् । गाउँमा गोवा ल्हेजेनले मिलाउन नसकेमा कू-छोङाले मिलाउने गर्दछन् । कू-छोङामा खास गरी पाँच गाउँहरूबाट चुनिएर आएका प्रतिनिधिहरूको समिति हुन्छ । कू-छोङाले समाजका कुनै पनि प्रकारका झैझगडा, मुद्दामामिलाका मुद्दाहरू छिनोफानो गर्ने गर्दछन् । गोवा ल्हेजेन, कू-छोङ  र श्याग्या परम्पराले प्राकृतिक स्रोतको संरक्षण र दिगो व्यवस्थापनका साथै समाजमा सामाजिक एकता, शान्ति र सुव्यवस्था कायम गराउनमा र उनीहरूको सामाजिक संरचना, सामाजिक प्रणाली, सामाजिक सम्बन्ध, सामाजिक मूल्य मान्यता र सांस्कृतिक पहिचानको निरन्तरतामा समेत उल्लेखनीय भूमिका रहेको पाइन्छ ।*

**शब्दकुञ्जी**

परम्परागत संस्था, प्रथाजनित कानून, दिगो व्यवस्थापन, जैविक विविधता, प्राकृतिक स्रोत, गोवा, ल्हेजेन, कू-छोङा,  श्याग्या, ग्यापो, ङ्होटेम ल्हेजेन

## १. परिचय

नुब्री समुदायमा परम्परागत रूपमा वनजङ्गल, भूमि र चरन क्षेत्रको दिगो व्यवस्थापन र जैविक विविधताको संरक्षणमा आफ्नै किसिमका प्रथाजनित कानून र परम्परागत शासन व्यवस्था रहेका छन् । हिमाली र पहाडी क्षेत्रमा बसोवास गर्ने अधिकांश आदिवासी जनजाति समुदायमा प्राकृतिक स्रोतको संरक्षण र दिगो व्यवस्थापन पद्धतिको लामो इतिहास रहेको पाइन्छ । तापनि यस्ता पद्धतिहरूको विकास फरक फरक समयमा विकास भई प्रचलनमा आएको देखिन्छ । कुनैपनि समाज विभिन्न सामाजिक संस्थाहरू मिलेर बनेको हुन्छ । ती संस्थाहरू

कार्यात्मक रूपमा एकअर्कामा अन्तरनिर्भर र अन्तरसम्वन्धित हुन्छ। सामाजिक संस्थाहरूले समाजमा सुव्यवस्था र स्थायित्व कायम गर्न योगदान पुर्‍याउँछ (Parsons, १९८२) । हिमाली आदिवासी जनजाति नुब्रीहरूको समुदायमा पनि गोवा ल्हेजेन, कू–छोङा र श्याग्या जस्ता प्रथाजनितसंस्था मार्फत जल, जमिन, जंगल र जैविक विविधताको संरक्षण र दिगो व्यवस्थापन गर्दै आइरहेका छन् । कू-छोङा नुब्री जातिको बसोबास रहेको सबै गाउँहरूको न्याय सम्पादन गर्ने विशिष्ट किसिमको उच्चस्तरीय स्थायी संस्था हो । कू-छोङामा खास गरी पाँच गाउँहरूबाट चुनिएर आएका प्रतिनिधिहरूको समिति हुन्छ । सामा, साम्दो, ल्हो, प्रोक, बिही लगायतका गाउँहरूमा सदियौँ वर्षदेखि यो संस्थामार्फत न्याय सम्पादन हुँदै आएको छ । कू-छोङाले समाजका कुनै पनि प्रकारका झैझगडा, मुद्दामामिला जस्तै खेतीपातीका लागि जग्गाको सीमा विवाद, बाटो वरिपरिको रुख कटान, चोरी, ठगी, जङ्गली जनावरका लागि पासो थाप्ने, चोरी सिकारी, जङ्गलमा आगलागीलगायतका मुद्दाहरू छिनोफानो गर्ने गर्दछन् । प्रत्येक गाउँमा आइपर्ने सानातिना मुद्दामामिला र झैझगडा सीमा विवादहरू गोवा ल्हेजेनले मिलाउने गर्दछन् ।

नुब्री समुदायमा सदियौदेखि विकसित प्रथाजनित कानून र अभ्यासलाई सामाजिकीकरणको प्रक्रियामार्फत नयाँ पुस्तामा हस्तान्तरण हुँदै आएको पाइन्छ। अधिकाँश आदिवासी जनजाति समुदायमा यी परम्परा तथा व्यवहारहरू लागू गर्न न्यायिक तथा प्रशासनिक निकाय वा परिषदजस्ता आफ्नै मौलिक परम्परागत संस्थागत संरचनाहरू रहेका हुन्छन् । प्राकृतिक स्रोत-साधनको व्यवस्थापनमा आदिवासी जनजाति समुदायमा प्रचलित परम्परागत कानून र संस्थाहरूको महत्त्वपूर्ण भूमिका हुने गर्दछ। आदिवासी जनजाति समुदायमा प्रचलित प्रथाजनित कानून र संस्थाहरू उनीहरूका समुदायमा प्रचलित विश्वास, मूल्य र मान्यताका आधारमा विकास भएको हुन्छ । आधुनिक राज्यको शासन प्रणाली र विकासले चुनौती सृजना गरिरहेको अवस्थामा समेत नुब्री समुदायमा प्रथाजनित कानून र राज्यको कानून दुवै सहअस्तित्वमा अभ्यास भैरहेको छ। चुमनुब्री गाउँपालिकाले श्याग्या परम्परा र आम्ची परम्परा संरक्षण सम्बन्धी ऐन बनाई स्थानीय सरकारले नै कानूनी मान्यता दिएको छ। त्यस्तै मनास्लु संरक्षण क्षेत्र आयोजनाले पनि नुब्री समुदायमा प्रचलित प्रथाजनित अभ्यास र उनीहरूको परम्परागत ज्ञानको निरन्तरतामा कुनै अवरोध सृजना गरेको देखिदैन् ।

नुब्रीहरूको परम्परागत शासन व्यवस्था र कानूनले प्राकृतिक स्रोतहरूमा सबैको समान पहुँच, लाभको समन्यायिक बाँडफाँड, प्राकृतिक स्रोतसँग सम्बन्धित र अन्य द्वन्द्वहरूको व्यवस्थामा महत्त्वपूर्ण योगदान पुऱ्याउदै आएका छन् । नुब्री समुदायको प्राकृतिक स्रोतसँग ऐतिहासिक, सांस्कृतिक र धार्मिक सम्बन्ध रहेको छ । नुब्रीहरूको जीविकोपार्जनको मुख्य स्रोत पशुपालन, खेलीपाती भएका हुनाले त्यसलाई चाहिने काठ, दाउरा, घाँस, स्याउला आदि हुनाले वनजंगलसँग यिनीहरूको अति निकट सम्बन्ध रहेको पाइन्छ। जङ्गललाई नुब्री भाषामा नाङसिङ् भनिन्छ। त्यस्ता नाङसिङ्हरूमा स्याला नाङसिङ् (स्याला वन), स्यो नाङसिङ् (स्यो वन ), हिनाङ नाङसिङ् (हिनाङ वन) आदिमा यिनीहरूका नियन्त्रण रहेको छ । यस्ता वनहरूलाई आफ्नै परम्परागत कानून अनुसार व्यवस्थापन हुदैं आएको पाइन्छ। वनमा चोरी सिकारी गर्न प्रतिवन्द लगाइएको छ ।

भौगोलिक रूपमा विकट हिमाली भूभागमा बसोबास गर्ने हुनाले नुब्री बस्तीमा राज्यको उपस्थिति नपुगेका कारण विगत लामो समयदेखि विकासको मूलप्रवाहीकरणबाट बञ्चितीकरण र बहिष्करणमा परेको देखिन्छ। भौतिक विकासको दृष्टिले पछाडि परेतापनि सांस्कृतिक, धार्मिक र आध्यात्मिक दृष्टिकोणले समृद्ध र सम्पन्न छन् । यिनीहरूको संस्कार, संस्कृति, मूल्यमान्यता र जीवनशैली बौद्ध दर्शनमा आधारित छ। यिनीहरूको बसोवास

रहेको क्षेत्र बौद्ध धर्म ग्रन्थमा उल्लेख भएको 'बेयुल किमालुङ' को एक अभिन्न अङ्गको रूपमा पर्ने हुनाले धार्मिक रूपमा महत्त्वपूर्ण तीर्थस्थल र पवित्र भूमिको रूपमा लिने गर्दछन् । त्यसैले यस्तो पूण्य भमिहरू केवल आत्मा शुद्ध भएका मानिसहरूले मात्र दर्शन पाउने विश्वास छ (गुरुङ, २०७६) । त्यसैले यस क्षेत्रमा कुनै जीवजन्तु र प्राणीहरूको काटमार र हिंसा गर्नु हुदैन भन्ने मान्यता र विश्वासका आधारमा श्याग्या परम्परा मार्फत अहिंसाको सिद्धान्त पूर्ण रूपमा परिपालन गर्दै आएका छन् । नुब्रीहरूमा आफ्नो जीवन र जगतलाई हेर्ने जीवन दर्शन र विश्व दृष्टिकोण, धार्मिक, आध्यात्मिक र सामाजिक मुल्य मान्यताले प्राकृतिक स्रोतको संरक्षण र दिगो व्यवस्थापन, जैविक विविधताको संरक्षण, पर्यावरणीय सन्तुलनमा उल्लेखनीय योगदान पुऱ्याएका छन् । हाल आएर प्राकृतिक स्रोतसम्बन्धी राज्यको नीति, पर्यटनको विकास, आधुनिक शिक्षा, बसाइसराइ, यातायातको विकासका अतिरिक्त शहरीकरण, विश्वव्यापीकरण र जलवायु परिवर्तनका प्रभावका कारण यिनीहरूका समुदायमा थप चुनौतीहरू थपिएका छन् । राज्यको कानून र उनीहरूको परम्परागत शासन व्यवस्था, प्रथाजनित कानून र अभ्यास दुवै अभ्यासमा रहेका छन् । तर कतिपय अवस्थामा कानूनहरू एक आपसमा बाझिने हुनाले समस्या सृजना हुने गरेका छन् ।

## २. नुब्री जातिको प्राकृतिक स्रोतसँगको सम्बन्ध

गोरखा जिल्लाको उत्तरी क्षेत्रमा पर्ने चुमनुब्री गाउँपालिका अन्तर्गतका नुब्री जातिको पुर्ख्यौली थातथलो हो । नुब्री उपत्यकामा बसोबास गर्ने नुब्रीहरू बौद्ध दर्शनको पञ्चशीलमा आधारित अहिंसाको सिद्धान्तलाई पालना गर्ने हुनाले कुनै पनि प्राणीको हिंसा नगर्ने, आफ्नै परम्परागत शासन व्यवस्था मार्फत प्राकृतिक स्रोतहरूको संरक्षण र दिगो व्यवस्थापन गर्दै आएको पाईन्छ । भौगोलिक रूपमा विकट क्षेत्रमा बसोबास गर्ने नुब्री जातिको परम्परागत पेसा कृषि र पशुपालन रहेको हुनाले प्राकृतिक स्रोतसँग जीविकोपार्जन, ऐतिहासिक, सांस्कृतिक र धार्मिक सम्बन्ध रहेको छ । नुब्री समुदायको जीविकोपार्जनको मुख्य स्रोत खेतीपाती र पशुपालन भएका कारण यिनीहरूको वन जङ्गलसँग निकट सम्बन्ध रहेको पाइन्छ (Childs, 2001)। जङ्गललाई नुब्री भाषामा नाङसिङ् भनिन्छ । त्यस्ता नाङसिङ्हरूमा स्याला नाङसिङ् (स्याला वन), स्यो नाङसिङ् (स्यो वन), हिनाङ नाङसिङ् (हिनाङ वन) आदि माथि यी समुदायको आफ्नै नियन्त्रण रहेको छ । यस्ता वनहरूलाई सानो र ठुलो गरी वर्गीकरण गरेर उनीहरूले व्यवस्थित गरेको पाइन्छ । उनीहरूको आफ्नै प्रथाजनित, कानूनअनुसार वनजङ्गलको व्यवस्थापन र संरक्षण गर्दै आएका छन् । वनमा चोरी सिकारी गर्न नपाउने कडा नियम छ । यिनीहरूको समुदायमा राज्यको नियम भन्दा प्रथाजनित कानून नै प्रभावकारी रहेको पाइन्छ । नुब्रीहरू बसोबास रहेको विभिन्न गाउँहरूमा रहेको वनजङ्गलको नाम र वनबाट प्राप्त गर्ने प्रमुख वन पैदावरहरू तालिका १ मा दिइएको छ ।

तालिका १ : वन क्षेत्रको नाम र वन पैदावर अधिक प्रयोग वन क्षेत्र

| वन क्षेत्रको नाम | गाउँबाट दूरी, क्षेत्रफल | प्रमुख वन पैदावार | लघुवन पैदावर |
|---|---|---|---|
| बिही | | | |
| रीप (फुदार) वन | ७५ हेक्टर (१/२ घण्टा) | भीसी, गुराँस, गोब्रेसल्ला आदि | मेल, टिमुर |

| वन क्षेत्रको नाम | गाउँबाट दूरी, क्षेत्रफल | प्रमुख वन पैदावार | लघुवन पैदावर |
|---|---|---|---|
| बिही | | | |
| पुज्यू (ड्याङ, दुब्ताबाङ, स्योल, उरपुक, ब्रोबुक, थाङदुक, ताक्तोकना, ङिमधुङवाङ, बर्गाङ, याम्बाचेत आदि) वन | ४३१ हेक्टर (१/२ घण्टा) | उत्तिस, खोटेसल्ला, दुधिलो, भोटेपीपल, गुराँस, भीसी, भुसी, पिबी, होइना, ओखर, सौर, काहल, खस्रु आदि | काफल, चुत्रो, अङ्गेरी, पैँयू, ढटेलो, टिमुर, लोक्ता, मेल, अरबसी आदि |
| राना वन (उङ्गल, मेल्बुक, थुवाङ) | हेक्टर (१/२ घण्टा) | गोब्रेसल्ला, गुराँस आदि | चुत्रो, भुसी, निगालो, अङ्गेरी, टिमुर, भकिम्लो आदि |
| तिदुर (क्र्याक, उङगुल, ज्रथाक, थाङ्ग) वन | हेक्टर (१/२ घण्टा) | गोब्रेसल्ला, खस्रु, गुराँस, भुसी, लौठसल्ला, खस्रु, आदि | चुत्रो, झयानु, भुसी, लोक्ता, निगालो, टिमुर आदि |
| ल्हो | | | |
| थाम्बुक वन (स्यारफक्यू, भर्जम, लिही) | ९६ हेक्टर (१ घण्टा) | कल्दा, स्याल्पो, गोब्रेसल्ला, खस्रु, किल आदि | टिमुर, रुइस, लाङमा, कोलोसिं, रेलो भीसी आदि |
| क्यूदूर वन (कलेम्बू, प्लाङनाङ, लिमे, हेलामु, पेलागा, पोङ्गाङ, रेला, कूर्पाङ, छिमिक, गर्पाकार्पो आदि) | ५८७.५ हेक्टर (२ घण्टा) १६८ हेक्टर | भीसी, भुसी, भुर्मी, गोब्रेसल्ला, किल, कल्दा, भिसिङ, मुसुरे कटुस, गुराँस आदि | चुलेत्रो, रेलाङ, रुइस, गनाउने, कोलोसि, सिलटमुर, लोक्ता, रेला आदि |
| पुआप वन, स्या (सीप, छोकाम, कुस्याङ, याम्स्याल, बेरा, पुयाप, साक्यू, सुआलुम्बा, लिचीपाल, पाका, मैचाम्बू, लिचीपाल, लैयू, लाङमराङ आदि) | २४८ हेक्टर (१५ मिनेट) | गोब्रेसल्ला, गुराँस, किल, कल्दा, भोजपत्र आदि | रुकाल, घेगुम, झयाङचाक, गनाउने, निगालो, पाम, कोलोसि, लोक्ता आदि |
| गुँगा वन (ल्होक्याप, पाका, मैचाम्बू, सक्यूल्हो, गुगंजा, लैयू, लाङमराङ आदि) | २५२ हेक्टर (३० मिनेट) | भिसिङ, किल, भोजपत्र, गुराँस, कल्दा, आदि | रुइस, च्या, गनाउने, चुत्रो, सिकार्पो निगाला, पाम, कोलोसि, लोक्ता |
| स्याला वन (थोसुङ वन, लामासाम्बा वन, केराङ, केरपू, प्लेरा, हेङसाम्बू, राङलिङ आदि) | २६० हेक्टर (१५ मिनेट) | कल्दा, भोजपत्र, गुराँस, धूपी, भिसिङ, गोब्रेसल्ला, किल आदि | चुत्रो, ह्यारचिक, लोक्ता, टिमुर, रुइस, तरु, केर्पा, कालोसि, निगाला |
| **प्रोक** | | | |
| छाक-क्वाक वन (तावेल, माङगाङ, , पिवा, मुच्युक्रां, क्रां, क्राङ्गचेत) | ८१ हेक्टर (१/२ घण्टा) | गोब्रेसल्ला, खसु, गुराँस, मुसुरे कटुस आदि | निगालो, टिमुर, लोक्ता, आदि |

| वन क्षेत्रको नाम | गाउँबाट दूरी, क्षेत्रफल | प्रमुख वन पैदावार | लघुवन पैदावर |
|---|---|---|---|
| बिही | | | |
| नाम्बाचेत वन (मालीकाङ, नूने, रोङमार, लोङ्गाचेत) | २०६ हेक्टर (१ घण्टा) | गोब्रेसल्ला, खोटेसल्ला, गुराँस, उत्तीस, सौर, पिवी, मुसुरे कटुस आदि | लोक्ता, काँडे, झयानो, गुराँस, निगालो, गुहेली आदि |
| नेराङ वन | १८१ हेक्टर (१/२ घण्टा) | गोब्रेसल्ला, याङसीङ, गुराँस आदि | निगालो, लोक्ता आदि |
| प्लाङपाल वन (उङ्ग,सिम्वोल, पेरीगुम्बा, पाङजा, थालो) | १०० हेक्टर (१/२ घण्टा) | गोब्रेसल्ला, मुसुरे कटुस, खस्रु, किल, कल्दा, ओखर, थाङने, सौर, गुराँस, बाँझ, भेगर, लौठसल्ला आदि | निगालो, लोक्ता, भुसी, रुइस आदि |
| नामरुङ वन (छिमिक, हारस्याङ, मनाङगाङ, नाम्ला, जसीडिङ, पोर, हुकुम आदि) | २०० हेक्टर (१/२ घण्टा) | गोब्रेसल्ला, मुसुरे कटुस, खस्रु, भोटेपिपल, धूपी, किल, कल्दा, ओखर, थाङने, सौर, गुराँस, बाँझ, उत्तीस आदि | निगालो, लोक्ता, भुसी, रुइस, गुहेली आदि |
| **सामागाउँ** | | | |
| नुम्ला वन | १०० हेक्टर (३० मिनेट) | कल्दा | केर्पा, छेर्पा, पाम, धूपी, कोलोसि, भोजपत्र, निगालो आदि |
| धङज्या वन (थोङ्गल, रिमु) | ९२ हेक्टर (३० मिनेट) | भोजपत्र | गुरास, लाङमा, केर्पा, छेर्पा, पाम, धूपी, भोजपत्र, आदि |
| केर्मू वन | २८० हेक्टर (१ घण्टा) | भोजपत्र, धूपी | गुरास, लाङमा, केर्पा, छेर्पा, पाम, धूपी, भोजपत्र, आदि |
| स्याङ्गल वन | २८ हेक्टर (१ घण्टा) | भोजपत्र | गुराँस, धूपी, केर्पा आदि |
| लेला वन | ५६ हेक्टर (१ घण्टा) | भोजपत्र, धूपी | गुराँस, धूपी, केर्पा, लाङमो आदि |

स्रोत : स्थलगत अध्ययन, २०७९

## ३. प्राकृतिक स्रोतको संरक्षरण र दिगो व्यवस्थापन

नुब्री उपत्यकामा पाइने वनजङ्गल, चरनक्षेत्र, कृषि भूमिलगायतका प्राकृतिक स्रोतहरूलाई नुब्रीहरूले परापूर्वकालदेखि आफ्नै प्रथाजनित कानून र अभ्यासमार्फत दिगो रूपमा संरक्षण र उपभोग गर्दै आएका छन् ।

नुब्रीहरूले आफ्नो गाउँ वरिपरिका वनजङ्गलहरूबाट घरायसी प्रयोग र पशुपालनका लागि आवश्यक पर्ने वनपैदावारहरू सङ्कलन गर्ने गर्दछन् । उनीहरूले वनक्षेत्रबाट सङ्कलन गर्ने र वनमा पाइने प्रमुख वनपैदावार हरूमा गुराँस, गोब्रेसल्ला, उत्तिस, खोटेसल्ला, दुधिलो, भोटेपीपल, ओखर, खस्रु, लौठसल्ला कल्दा, भोजपत्र, धुपी, किल, कल्ला, भिसिङ, थाङने आदि रहेका छन् भने लघुवन पैदावारहरूमा टिमुर, मेल, काफल, चुत्रो, अङ्गेरी, पैँयु, लोक्ता, मेल, निगालो, केर्पा, छोर्पा, पाम, धुपी, भोजपत्र, लाङमा, चुलेत्रो, रेलाङ, गनाउने, सिलटिमुर, लोक्ता, रुकाल, घेगुम, निगाला, पाम, मुसी, रुइस, गुहेली आदि रहेका छन् ।

**३.१ वनजङ्गलको दिगो व्यवस्थापन**

नुब्रीहरूले आफ्नो गाउँबस्ती वरिपरि रहेका वनजङ्गल र जैविक विविधताको संरक्षण र दिगो व्यवस्थापन सदियौं वर्षदेखि गर्दै आएका छन् । आफ्नो गाउँ वरिपरिको वनजङ्गल विनास गरेको खण्डमा बाढी पहिरो जाने, पर्यावरणीय संतुलनमा प्रभाव पर्ने हुनाले 'श्याग्या' परम्परा मार्फत वनजङ्गलमा डडेलो लगाउनमा प्रतिवन्द्ध, जंगली जनावर र कुनै पनि प्राणीको हिंसामा प्रतिवन्द्ध, हरियो रुखहरू काटनमा प्रतिवन्द्ध र भीर मौरीको मह काटनमा समेत प्रतिवन्द लगाई प्राकृतिक स्रोत र जैविक विविधता संरक्षणमा योगदान पुऱ्याउदै आएका छन् ।

ल्हो र प्रोक गाउँमा वन व्यवस्थापन परापूर्वकालदेखि हुँदै आएका छन । ल्होमा वन व्यवस्थापनको पुरानो इतिहास छ । जहाँ पहिरो र बाढीको प्रकोप देखिन्छ त्यस्ता क्षेत्रलाई श्याग्या क्षेत्र मानेर काठ, दाउरा सङ्कलनमा प्रतिबन्ध लगाई रुखबिरुवा वा वनजङ्गलको राम्रो संरक्षण गर्ने चलन छ । ल्हो गाउँको माथि टसीगुम्बामा वन फँडानी गरेको खण्डमा गाउँलाई प्रतिकूल असर पर्ने हुनाले काठ, दाउरा सङ्कलन र रुख कटानी बन्देज गरि पाङसार वनलाई संरक्षण गरेका छन् । त्यसै गरी स्यो गाउँभन्दा माथि र लिही गाउँभन्दा माथिको वन क्षेत्रलाई स्थानीयहरूले विगतदेखि संरक्षण गर्दै आएका छन् । स्थानीय उपभोक्ताहरूका लागि आवश्यक पर्ने दाउरा, काठ, घाँसपात आदिको सङ्कलन आफ्नो तरिकाबाट गर्ने परम्परा छ । गाउँ नजिकका क्षेत्रमा सामुदायिक जग्गालाई लालपूर्जा नभए पनि घाँसपातको लागि सार्वजनिक जमिन बाँड्ने चलन कायम छ । यस्ता जग्गाको प्रयोग पुर्ख्यौली सम्पत्तिको रूपमा व्यक्तिहरूमा सर्दै जाने प्रचलन यथावत् छ ।

ल्होमा खाद्यान्नको उत्पादन कम हुने भएकाले विगत दशकमा ल्होको वनक्षेत्रबाट काठ कटानी गरी तिब्बतमा झोपा वा चौँरीको माध्यमबाट ढुवानी गरी अन्न वा अन्य आवश्यक सामानहरू ल्याउने चलन थियो । वस्तु विनिमयको रूपमा काठलाई प्रयोग गर्ने चलन पनि थियो । ल्होमा वनक्षेत्र प्रशस्त भएकाले सामागाउँदेखिको स्थानीय बासिन्दाहरू ल्होको वनक्षेत्रबाट काठ कटानी गरी लैजाने गर्दथे ।

प्रोकमा स्थानीय उपभोक्ताहरूका लागि आवश्यक पर्ने दाउरा, काठ, घाँसपात आदिको सङ्कलन आफ्नो तरिकाबाट गर्ने परम्परा छ । गाउँ नजिकका क्षेत्रमा सामुदायिक जग्गालाई लालपूर्जा नभए पनि घाँसपातका लागि सार्वजनिक जमिन बाँड्ने चलन छ । यस्ता जग्गा आफूलाई आवश्यकता नभएको महसुस भयो भने परम्परागत तरिकाबाट स्वामित्व हस्तान्तरण गर्ने चलन पनि छ । गाउँलेले छानेको घ्यापोको रोहवरमा तमसुक वा कागज गरी लेनदेन गर्ने गर्दछन् ।

गुम्बाहरूको वरिपरि रुख बिरुवाहरू काट्न नपाइने पुरानो चलन छ । सार्वजनिक जग्गामा रहेका गाउँ नजिकका जङ्गलहरू निजी कामका लागि स्थानीय बासिन्दाहरूले प्रयोग गर्दै आइरहेका छन् । घाँस, दाउरा, काठ, स्याउला र पतकर सङ्कलन गर्नका लागि यस्ता वन क्षेत्रहरू उपयोगमा आउँदछन् । हाल मनासलु संरक्षण क्षेत्रको

आयोजनाको घोषणापश्चात् वडा स्तरमा संरक्षण क्षेत्र व्यवस्थापन समिति र गाउँ स्तरमा वन व्यवस्थापन उपसमिति गठन गरी परम्परागत संरक्षण कार्यलाई संस्थागत गर्ने काम हुँदै आएको छ । त्यसै गरी वडाभित्रका खर्कहरूमा गाईबस्तु चरनको व्यवस्था मिलाउने काम सम्बन्धित गाउँको भेलाद्वारा निर्णय गरी नियम बनाएर लागु गर्ने गरिन्छ । बिहीमा भने वन व्यवस्थापनको पुरानो इतिहास छैन । आवश्यक पर्ने दाउरा, काठ, घाँसपात आदिको सङ्कलन आफ्नो तरिकाबाट गर्ने परम्परा छ ।

सामागाउँमा स्थानीय उपभोक्ताहरूका लागि आवश्यक पर्ने दाउरा, काठ, घाँसपात आदिको सङ्कलन आफ्नो तरिकाबाट गर्ने परम्परा छ । गाउँको बैठकबाट घाँसपात, पातपतिङ्गर, काठदाउरा काट्न बन्देज गरिएका क्षेत्रहरूमा वनपैदावारहरू सङ्कलन गर्न पूर्णत: बन्देज गरिन्छ भने खुला गरिएको वनक्षेत्रबाट वनपैदावारहरू सङ्कलन गर्नका लागि गाउँलेहरूबाट कुनै अवरोध गरिँदैन ।

### ३.२ निजी वनजङ्गल व्यवस्थापन

नुब्री क्षेत्रमा सार्वजनिक वन, निजी वन, धार्मिक वनका साथै एउटै सन्तान वा खलकहरूको गरी विभिन्न प्रकारका वनजङ्गल रहेका छन् । आफ्नो घरमा चाहिने आवश्यक काठ, दाउरा आदि सार्वजनिक वन, निजी वन र खलकहरूका वनबाट सङ्कलन गर्ने गर्दछन् । त्यस्तै गुम्बा वरिपरि रहेका वनलाई धार्मिक वनका रूपमा संरक्षण गर्दै आएका हुनाले उक्त क्षेत्रबाट कुनै पनि हरियो रुख काट्न नपाउने नियम रहेको छ । कुनै व्यक्तिले आफ्नो हकभोगका लागि पहिलादेखि भोगचलन गर्दै आएका वनलाई निजी वन भनिन्छ । मनासलु संरक्षण क्षेत्र आयोजनाअन्तर्गत विभिन्न गाउँहरूमा संरक्षण क्षेत्र व्यवस्थापन समिति गठन भइसकेपछि कुनै व्यक्तिले आफ्नो हकभोगको निजी जग्गामा लगाइएको रुख बिरुवाहरूलाई निजी वनको रूपमा दर्ता गर्न चाहेमा सम्बन्धित वडाको समितिको सदस्यको सिफारिससहित आफ्नो हकभोग खुलाई निवेदन दिएको खण्डमा समितिले उचित ठहऱ्याएको खण्डमा समितिमा निजी वन दर्ता गर्न पाउने व्यवस्था रहेको छ ।

### ३.३ चरन क्षेत्र र खेतीपाती व्यवस्थापन

नुब्रीहरूको परम्परागत पेसा पशुपालन भएको हुनाले चरन क्षेत्रलाई दिगो रूपमा व्यवस्थापन गर्दै आएका छन् । प्रत्येक गाउँमा पशुहरूका लागि महिना र मौसमअनुसार चरनक्षेत्र तोकिएको हुन्छ र सोही नियमअनुसार सबैले चल्नुपर्दछ । उनीहरूले जाडो महिना, गर्मी महिना र बालीनाली लगाएको समयमा व्यवस्थित रूपमा घुम्ती चरन क्षेत्रलाई व्यवस्थापन गर्दै आएका छन् । उनीहरूको चरन क्षेत्रलाई व्यवस्थापन गर्ने आफ्नै प्रथाजनित कानून रहेको छ । घरमा पाल्ने पशुहरूलाई मौसमअनुसार कहिले गाउँबस्तीमा राख्ने, कहिले चरन क्षेत्रमा लाने, चरन क्षेत्रलाई पनि गाउँअनुसार फरक-फरक ठाउँ तोकिएको हुन्छ । नुब्री उपत्यकामा सबै ठाउँमा अन्नबाली एउटै समयमा नपाक्ने हुनाले ठाउँअनुसार फरक फरक नियम हुने गर्दछ । त्यस्तै पशुहरूका लागि कुन समयमा घाँस सङ्कलन गर्ने, कुन समयमा चरन क्षेत्रबाट तल बस्तीमा ल्याउनेलगायतका नियमहरू बनाइएको हुन्छ । उदाहरणका लागि ल्होमा बैशाख १५ गतेबाट गाउँमा कुनै पनि पशुहरू राख्न नपाउने र गाउँबाट टाढा चरन क्षेत्रमा लानुपर्ने नियम छ । तर यदि कुनै पशु बिरामी र हातखुट्टा भाँचिएको छ भने त्यस्तो पशुहरूका सम्बन्धमा सम्बन्धित समितिलाई जानकारी गराई घरमा नै राख्न पाउने नियम छ । यसरी खेतीपातीलाई व्यवस्थापन गर्ने नियमलाई उनीहरूको भाषामा 'डोठिम' भनिन्छ । डो भन्नाले जमिन र घाँस/चरन व्यवस्थापनसम्बन्धी नियमलाई जनाउँछ । डोठिममा खेतीपातीको रेखदेख गर्नका लागि 'ल्होरुङ' (खेती हेर्ने हेरालु) तोक्ने गरिन्छ । हेरालुको

सङ्ख्या गाउँमा रहेको कुल घरसङ्ख्या र ठाउँअनुसार कतै २ जना, कतै ४ जना हुने चलन छ । 'ल्होरुङ' सबै गाउँलेहरूबाट पालैपालो छनोट गर्ने गरिन्छ । 'ल्होरुङ' गाउँअनुसार फरक फरक समयमा गाउँसभाबाट तोक्ने चलन छ । जस्तै ल्होमा कार्तिक महिनामा तोक्ने गरिन्छ भने साम्दोमा दाज्याङ (घोडेजात्रा) समयमा बैशाख महिनामा तोक्ने र सामागाउँमा प्रमुख लामाको निर्णयानुसार तोक्ने गर्दछन् । ल्होरुङको कार्यकाल १ वर्षको हुन्छ । कसैको गाईबस्तु खेतीपातीमा आएर अन्नबाली नष्ट गरेको खण्डमा ल्होरुङले तोकिएको जरिवाना उठाउने र जरिवानाबापत उठेको रकम उसले आफै खर्च गर्न पाउने नियम छ । सामागाउँमा गाईबस्तुलाई थुनेर राख्ने ठाउँ बनाएको छ भने अन्य ठाउँमा भने त्यस्तो चलन छैन ।

तालिका २ नुब्रीहरूको मुख्य चरन क्षेत्रहरू

| चरन क्षेत्रको नाम | चरन क्षेत्रमा जाने पशुको प्रकार |
|---|---|
| सामागाउँ | |
| सामागाउँ नजिकका खर्कहरू (लेला, केर्मू, धाङज्या, होनानाङ, यम्नाङ, भामोनाङ, तथा मौसमी चरिचरन क्षेत्र) | याक, चौँरी, घोडा, झोपा, खच्चड |
| साम्दो गाउँ नजिकका खर्कहरू (क्योङमा, रिमुनाङ, सोनाम, भाऊ पुरानो लार्के बजार तथा मौसमी चरिचरन क्षेत्र) | याक, चौँरी, घोडा, झोपा, खच्चड |
| ल्हो | |
| लिही (गोल खर्क, तोकीक्यूङ खर्क, घाङग्याल खर्क, लोपाल खर्क, पुज्यू खर्क, पाङजेन खर्क, लास्या खर्क, प्याकाङ्गोक खर्क, सिप्चोक खर्क) | गाई, गोरु, चौँरी, याक, घोडा, खच्चड, |
| स्यो (गोल खर्क, तोकीक्यूङ खर्क, घाङ्ग्याल खर्क, लोपाल खर्क, पुज्यू खर्क, पाङजेन खर्क, लास्या खर्क, प्याकाङ्गोक खर्क, सिप्चोक खर्क, पाम्बुचे खर्क, पाङ्गरामा खर्क | गाई, गोरु, चौँरी, याक, घोडा, खच्चड, |
| ल्हो (ढाङमनाङ खर्क, रुकु डाँडा, स्याला खर्क) | गाई, गोरु, चौँरी, याक, घोडा, खच्चड, |
| प्रोक | |
| प्रोक (कालताल, ताराङ) | बाख्रा, गाई, चौँरी, घोडा |
| क्वाक (किल्वा, सिम्दुङ) | बाख्रा, गाई, चौँरी, याक, झोपा, घोडा |
| छाक (कालताल घ्योरो, नुने, रोङमार, पोर, सुक्साङ, लुङ्गाछेता, ढो आदि) | बाख्रा, गाई, चौँरी याक, झोपा, घोडा |
| नामरुङ (हारस्याङ, दक्तला, थेराङ, रुवाल, कागुम) | बाख्रा, गाई, चौँरी याक, झोपा, घोडा |
| बिही | |
| कोरपाल, लाङबुक, हिसीन, ङ्याङवाक, घ्यारोक, धुर्जुङ, लइमा, पुजुलेक, ऋुसिलाम, सुलाम, साङ्लामा | भेडा, बाख्रा, गाई, |

स्रोत : स्थलगत अध्ययन, २०७९

त्यस्तै खर्क व्यवस्थापनका लागि गाउँका बासिन्दाहरू बैठक बसी कुन समयमा गोठहरू कुन खर्कमा राख्ने भन्ने व्यवस्था मिलाउने प्रचलन छ । गाईबस्तुहरूको चरनवर्तनलाई व्यवस्थित बनाउनका लागि बिही, तिदूर, क्र्याक र ड्याङमा एकएक जना गरी चार जना ग्यापोहरू छनोट गर्ने चलन छ ।

खर्क व्यवस्थापनका लागि सामागाउँ र साम्दो गाउँको आआफ्नै परम्परा रहेका छन् । विगत एक दशकअगाडि सामागाउँको लेकखर्कहरूमा ल्हो गाउँका गाईबस्तुहरू चरनवर्तन गर्ने चलन पनि थियो । तथापि दुई गाउँबीचको आपसी द्वन्द्वका कारण स्रोतको प्रयोग र परिचालनमा पनि समस्या आयो । तत्पश्चात् सामागाउँका खर्कहरूमा ल्होका गाईबस्तुहरू राख्ने चलन रोकियो ।

**४.४ घुम्ती चरन क्षेत्र व्यवस्थापन**

तालिका ३ : फरक फरक समयमा प्रयोग गर्ने घुम्ती चरन क्षेत्रहरू

| | | |
|---|---|---|
| **सामागाउँ** | | |
| महिना | सामागाउँ | साम्दो |
| बैशाख | सामागाउँ वरिपरि | साम्दोगाउँ वरिपरि |
| जेष्ठ | पुङ्गेन, केर्मू, लेला, क्योङमा, रिमानाङ | साम्दोगाउँ वरिपरि |
| आषाढ | ह्वासाङ, छेथाङ, मयूल, पुङ्गेन | मयूल |
| श्रावण | ह्वासाङ, छेथाङ, मयूल, पुङ्गेन | मयूल |
| भाद्र | केर्मू, रुकुला, लेला, यमनाङ्ग, न्याक्या, क्याग्यो | क्याङमो, मयूल |
| असोजदेखि चैत्र | सामागाउँ वरिपरि | साम्दोगाउँ वरिपरि |
| **ल्हो** | | |
| महिना | लिही | स्यो |
| बैशाख | लिही, भरजम, पाङ्गर खर्क | स्यो, गोम्नाङ |
| जेष्ठ | गोल खर्क, पाङदेन | गोल खर्क, पाङदेन |
| आषाढ र श्रावण | लास्या खर्क, किम्न्याक, सिब्योक | लास्या खर्क, किम्न्याक, सिब्योक |
| भाद्र | लास्या खर्क, किम्न्याक, सिब्योक | लास्या खर्क, किम्न्याक, सिब्योक |
| असोज | गोल खर्क, पाङदेन, ताकेक्यूङ | गोल खर्क, पाङदेन |
| कार्तिक | हिनाङ | हिनाङ |
| मङ्सिर | भरजम, लिही, प्राङ्गार | स्यो, गोम्नाङ, रुङ |
| पौष, माघ र फाल्गुण | भरजम, लिही, प्राङ्गार | स्यो, गोम्नाङ, रुङ |
| चैत्र | भरजम, लिही, प्राङ्गार | स्यो, गोम्नाङ, रुङ |
| प्रोक | | |

| महिना | प्रोक | क्वाक |
|---|---|---|
| बैशाख | गाउँ वरिपरि | गाउँ वरिपरि |
| जेष्ठ | गाउँ वरिपरि | गाउँ वरिपरि |
| आषाढ | कालताल | किल्वा |
| श्रावण-भाद्र | कालताल | किल्वा |
| असोज | उङ र गप | गाउँ वरिपरि |
| कार्तिक-चैत्र | गाउँ वरिपरि | गाउँ वरिपरि |
| बिही | | |
| महिना | बिही | क्र्याक |
| बैशाख | गाउँ वरिपरी | गाउँ वरिपरि |
| जेष्ठ-श्रावण | कोरपाल | लाङबुक/हिसीन/ङ्याङवाक |
| भाद्र | बुर/भिजम/ऋुसिलाम | पाचेत/सुलाम/साङलाम |

स्रोत : मनासलु संरक्षण क्षेत्र आयोजना, २०७७

## ४. परम्परागत शासन व्यवस्थाः गोवा ल्हेजेन, कू–छोडा र श्याग्या परम्परा

नुब्री समुदायमा आफ्नै विशिष्ट प्रकारको शासन व्यवस्था र परम्परागत न्याय प्रणाली रहेको छ । यिनीहरूको समुदायमा आधुनिक राज्यको न्यायप्रणालीलाई भन्दा पनि प्रथाजनित कानून र परम्परागत अभ्यासमा आधारित न्यायप्रणालीलाई मान्दै आएका छन् । यिनीहरूका समुदायमा प्रचलित परम्परागत संस्थाहरूमा गोवा ल्हेजेन, कू-छोडा र श्याग्या प्रमुख रहेका छन् ।

### ४.१ गोवा ल्हेजेन

नुब्री जाति बसोबास गर्ने क्षेत्र भौगोलिक रूपमा विकट भएका कारण हिजोका दिनमा राज्यको उपशिथति थिएन्, त्यसैले प्रत्येक गाउँहरूमा न्याय सम्पादन गर्ने आफ्नै प्रथाजनित कानून र अभ्यास रही आएका छन् । न्याय सम्पादन गर्न स्थापित परम्परागत संस्थालाई यिनीहरूको भाषामा 'गोवा ल्हेजेन' भन्ने गरिन्छ । गोवा ल्हेजेनको सङ्ख्याा गाउँको क्षेत्रफल र घरसङ्ख्याको आधारमा फरक फरक हुने गर्दछ । तर प्रायः गरी ४ जना जति एउटा गाउँमा हुने चलन छ । गाउँघरमा हुने झैझगडा, जमिनको सीमा विवाद, चरन क्षेत्रसँग सम्बन्धित विवाद, चोरी शिकारी, श्रीमान श्रीमती बीचको झगडा, सम्बन्ध विच्छेद लगायतका विवाद र मुद्दाहरू मिलाउनेदेखि गाउँसमाजको विकास र संस्कृति, परम्पराको निरन्तरता लगायतका कामहरू गर्ने गर्दछन् ।

तर पछिल्लो समयमा आएर 'गोवो ल्हेजेन' ले गर्दै आएको काम 'ङहोटेम ल्हेजेन' को नामबाट निरन्तरता दिदै आएका छन् । 'ङहोटेम ल्हेजेन' को छनौट गाउँका सबै गाउँलेहरू एकठाउँमा भेला भई सामूहिक निर्णयको आधारमा दाज्याङ (घोडेजात्रा) को दिनमा छनौट गर्ने चलन छ । पहिला गाउँको सबैभन्दा जेठोबाठो मध्येबाट छान्ने चलन थियो भने हाल आएर सबै घरहरूमध्येबाट पालैपालो छान्ने गरिन्छ । त्यसैले ल्हेजेनलाई सल्लाह सुझाव दिनका लागि गाउँको बुढापाका बुद्धिजीवी मध्येबाट केही व्यक्तिहरू छनौट गरिन्छ । यसरी छनौट गरिएका व्यक्तिहरूलाई 'ग्हेन्डाप' भनिन्छ ।

कुनै पनि सांस्कृति कार्यक्रम, धार्मिक र विकासका कार्यक्रम सम्बन्धी बैठकहरू हुँदा उनीहरूलाई समेत बोलाएर उनीहरूको सल्लाहसुझाव अनुसार निर्णय गर्दछन् । त्यस्तै बैठकहरू बोलाउनका लागि उर्दी जारी गर्न वा कटुवालको जिम्मेवारीका लागि ग्यापु छनौट गरिन्छ । ङ्होटेम ल्हेजेन, ग्हेन्डाप र ग्यापुको पदावधि एक वर्षको हुन्छ भने गाउँ अनुसार दुई देखि पाँच जनाको सङ्ख्याामा हुने चलन छ । प्रत्येक वर्ष पौष, माघ महिनामा जग्गाको 'ठाल' (तिरो) उठाउने बेलामा पविर्तन गरिन्छ । गोवा ल्हेन्जेन प्राय: प्रत्येक गाउँमा चारचार जना हुने चलन छ ।

ङ्होटेम ल्हेजेनले प्रत्येक वर्ष तोकिएको दिन वर्ष भरीमा भए गरेका गतिविधि र आय व्ययलाई सार्वजनिक रूपमा प्रस्तुत गरी त्यसमाथि छलफल गर्दछन् । उनीहरूले जडिबुटीको तिरो वापत रकम सङ्कलन, पशुहरूको जरिवाना, चन्दा र अरु कुनै संघसंस्थाबाट प्राप्त रकमलाई आम्दानीको रूपमा जम्मा गरी आवश्यकतानुसार खचए पनि गर्ने गर्दछन् । यी माथिका पदहरूमा प्राय: पुरुषहरू नै छनौट गर्ने गरिएता पनि महिला पुरुष दुवै हुने पाउने नियम छ ।

**(क) जिम्मेवारी र दायित्व:**

ङ्होटेम ल्हेजेनले गाउँमा सानातिना झैझगडा, मुद्दामामिलाहरू जस्तै जग्गाको साँधसिमाना र चरन क्षेत्रसँग सम्बन्धित मुद्दामामिला, घाँस र खेतीपाती नोक्सानी, श्रीमान-श्रीमतीबीचका झगडा, जङ्गल, चोरी सिकारीलगायतका मुद्दाहरू परेको खण्डमा 'गोवा ल्हेजेन' ले मिलाउने गर्दछन् । प्रथाजनित कानूनलाई कार्यन्वयन गर्ने गाउँमा थिति बसाल्ने काम गर्दछन् । चरन क्षेत्र र कृषी भूमि व्यवस्थापन, गाउँबाट पशुहरलाई चरन क्षेत्रमा लाने र गाउँ ल्याउने समयको निर्धारण, गाउँमा घाँस, दाउरा सङ्कलनको समय सीमा तोक्ने, अन्नवाली रोप्ने र उठाउने समय तोक्ने लगायतका काम गर्दछन् । त्यस्तै गाउँको सामाजिक र धार्मिक रितिरिवाज, चाडपर्व र संस्कृतिको निरन्तरतासम्बन्धी पनि निर्णय गर्ने गर्दछन् । तर गुम्बामा गरिने पूजाहरूलाई व्यवस्थापन गर्न गुम्बा समिति हुने र लामाहरूले नै गर्ने गर्दछन् भने गाउँको सामाजिक चाडपर्वहरू मात्र ङ्होटेम ल्हेजेनले हेर्ने गर्दछन् । उनीहरूको जिम्मेवारी गाउँको मुद्दा छिन्नेदेखि जङ्गलमा गस्ती गर्नुपर्दछ ।

त्यसैले गाउँको विकास सम्बन्धी कामहरू, वनजङ्गल र वन्यजन्तुको संरक्षणका लागि गस्ती गर्ने नियम बनाउने, चोरी शिकारी, यार्चागुम्बा र अन्य जडिबुटिको चोरी निकाशी लगायतको बेला बेलामा अनुगमन गर्ने गर्दछन् ।

स्थानीय गुम्बा, स्थानीय सरकार, मनास्लु संरक्षण क्षेत्रसँग पनि समन्वय गरेर काम गर्ने गरेको पाइन्छ । वडा र गुम्बाले पनि कुनै बैठकहरू राख्नु परेको खण्डमा ग्यापु मार्फत नै सबैलाई खबर पठाउने गर्दछन् ।

गाउँमा आइपर्ने मुद्दामामिला छिनोफानो गर्ने जिम्मेवारी र दायित्व 'ङ्होटेम ल्हेजेन' को हुने भएकोले यदि कसैले मुद्दा दायर गरेको खण्डमा तुरुन्त बैठक बस्ने चलन छ । तर कतिपय अवस्थामा मुद्दाको प्रकृति, जटिलता हेरी बैठक बस्ने गर्दछन् । मुद्दा सामान्य खालको भएमा ङ्होटेम ल्हेजेनले नै मिलाउँछन् । तर यदि जटिल भएको खण्डमा ग्हेन्डाप (सल्लाहकार) हरूलाई बोलाएर छलफल गरि निर्णय लिने गर्दछन् । यदि यसबाट पनि समाधान हुन सकेन भने सम्पूर्ण गाउँलेहरूलाई बोलाएर निर्णय लिने गर्दछन् । तर कहिलेकाही गाउँलेहरू बोलाउनुको सट्टामा कू-छोङाकोमा मुद्दालाई सिधै पठाइदिने गर्दछन् । कू-छोङामा मुद्दा पुगिसकेपछि खर्चिलो र सजाय पनि कडा हुने गर्दछ ।

**४.२ कू-छोङा**

कू-छोङा विशिष्ट किसिमको न्याय सम्पादन गर्ने उच्चस्तरीय परम्परागत स्थायी संस्था हो । सामा, साम्दो, ल्हो,

प्रोक, बिहीलगायतका नुब्री जातिका बसोबास रहेका गाउँहरूमा सदियौँ वर्षदेखि यो संस्थामार्फत न्याय सम्पादन हुँदै आएको छ । समाजका कुनै पनि प्रकारका झैझगडा, मुद्दामामिला परिसकेपछि 'ङहोटेम ल्हेजेन' ले मिलाउन नसकेपछि अन्तिममा कू-छोडाले मिलाउने चलन छ । कू-छोडामा नुब्री उपत्यकाका सबै गाउँहरूबाट प्रतिनिधि आएको हुन्छ । कू-छोडामा कम्तीमा पनि पाँच जना सदस्य हुने गर्दछ । । कू-छोडामा गोवा ल्हेजेन/ङहोटेम ल्हेजेन मध्येबाट १ जना प्रतिनिधी जाने गर्दछन् । मुद्दा मिलाउन जुन गाउँमा ङहोटेम ल्हेजेनले नसकेको ठाउँमा गएर कू-छोडाले मुद्दा मिलाउने गर्दछन् ।

कू-छोडा र गोवा ल्हेन्जेनका सदस्य पुरुषहरू नै हुने गर्दछ । यदि कुनै गाउँमा ठुलो मुद्दा पऱ्यो र त्यहाँका गोवा ल्हेन्जेनले समाधान गर्न नसकेको अवस्थामा उक्त मुद्दा कू-छोडाले छिनोफानो गर्दछन् । कू-छोडामा मुद्दा पुगिसकेपछि पीडक र पीडित दुवैले निकै खर्च बेहोर्नुपर्दछ । कू-छोडाका पदाधिकारीहरूलाई बिहान उठ्ने बेलामा स्याङछयाङ, सुत्ने बेलामा सिमछ्याङ र सुरुमा आउने बेलामा फेपछ्याङ भनेर विभिन्न समयमा रक्सी खुवाउनुपर्ने र त्यसको खर्च दुवैले बेहोर्नुपर्दछ । मुद्दा परिसकेपछि आवश्यकताअनुसार गल्ती/कसुर गर्ने व्यक्तिलाई पक्राउ गरी ल्याउन र बाँधेर राख्नका लागि पनि व्यक्ति छनोट गरिएको हुन्छ जसलाई 'ग्यापो' भनिन्छ ।

कतिपय अवस्थामा गाउँका अगुवा, गुम्बाका लामा वा खेन्पोले पनि सानोतिनो झैझगडाहरू मिलाउने कार्यमा भूमिका खेल्दछन् । नुब्री समुदायमा कुनै पनि घरजग्गा बिक्री गरी पास गर्नुपरेमा त्यहाँका गाउँको मुख्य मान्छेले कागज गरेर सबै गाउँको भलाद्मी र घरजग्गा लिनेदिनेको हकवालालाई समेत राखेर लिखित प्रमाणपत्र दिने चलन छ । जग्गा वा घर किनबेच गर्दा वा नामसारी पास गर्दा किन्ने व्यक्तिले बेच्नेलाई सुनको सिक्का दिने समेत चलन थियो । उक्त क्षेत्रमा हालसम्म पनि घर जग्गाबाहेक जङ्गल घाँस आदिका लागि यो चलन कायम नै रहेको पाइन्छ ।

यसरी कू-छोडाले जग्गाको सीमा विवाद, बाटो वरिपरिको रुख कटान, चोरी, ठगी, जङ्गली जनावरका लागि पासो थाप्ने, चोरी सिकारी, जङ्गलमा आगलागीलगायतका मुद्दाहरू छिनोफानो गर्ने गर्दछन् । विगतमा कसैले जङ्गलमा पासो थाप्यो, आगजनी गऱ्यो भने जरिवानास्वरूप उक्त व्यक्तिको खेतबारी गुम्बाको नाममा नामसारी गरिदिनुपर्ने नियम थियो ।

### ४.३ श्याग्या परम्परा

नुब्री जातिले सदियौँ वर्षदेखि श्याग्या परम्परा अवलम्बन गर्दै आएका छन् । बौद्ध दर्शनको पञ्चशीलमा आधारित अहिंसाको सिद्धान्तलाई पालना गर्नु यहाँका बासिन्दा आफ्नो कर्तव्य र धर्मको रूपमा लिने गर्दछन् । श्याग्या परम्परा चुमनुब्री गाउँपालिकाअन्तर्गत चुम क्षेत्रमा बसोबास गर्ने चुम्बा जाति र नुब्री उपत्यकामा बसोबास गर्ने नुब्री जातिले आफ्नै प्रथाजनित कानूनबमोजिम कार्यान्वयन र अभ्यास गर्दै आएका छन् । बौद्ध धर्मको पञ्चशीलमध्ये पहिलो शीलमा कुनै पनि प्राणीहरूको हिंसा नगर्ने र नगराउने शील पालना गर्नुलाई लिइन्छ ।

'श्याग्या परम्परा' भन्नाले बौद्ध दर्शनको पञ्चशीलमा उल्लिखित अहिंसात्मक सिद्धान्तको आधारमा वन्यजन्तुलगायतका जीवजन्तु, पशुपंक्षी र प्राणीहरूप्रति गरिने अहिंसात्मक व्यवहारलाई जनाउँदछ । अध्ययनका क्रममा स्थानीय गुम्बाका प्रमुख लामा र अन्य लामा गुरुसँगको छलफलमा श्याग्या निषेधित वा प्रतिबन्धितसँग सम्बन्धित भएको बताएका छन् । चुमनुब्री उपत्यकामा प्राणीहरूप्रतिको हिंसा र जथाभावी वनजङ्गलको फडानी, वनडढेलोलगायतमा समेत प्रतिबन्ध लगाइएको हुनाले त्यसैलाई श्याग्या भनिने जनाएका छन् ।

चुम क्षेत्रमा बसोबास गर्ने चुम्बा जातिले त चुम श्याग्या संरक्षण समिति छेकम्पारको विधान २०७५ तयार गरी जिल्ला प्रशासन कार्यालय गोरखामा दर्ता गरेका छन् । नुब्री र चुम्बा आदिवासी जनजाति समुदायले आफ्नो भूमि र भूक्षेत्रमा रहेका वनजङ्गल, जीवजन्तु र प्राणीको रक्षाका लागि श्याग्या परम्पराले महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । वि.सं. १९७७ सालमा गुरु डुक्पा रिम्पोछे (सेराप दोर्जे) को उत्प्रेरणामा यस क्षेत्रको अहिंसा परम्परालाई पालना गर्ने र अनन्तकालसम्म निरन्तरता दिने प्रतिबद्धता चुमबासीले सामूहिक रूपमै गरेका थिए । प्रतिबद्धता-पत्र सम्भोटा लिपिमा लिपिबद्ध गरिएको थियो । त्यसपछि श्याग्या परम्पराले थप औपचारिकता पाएको देखिन्छ । यसको पूर्णपरिपालना गरिने प्रतिबद्धता-पत्रमा प्रत्येक घरका प्रतिनिधिले हस्ताक्षर तथा औँठाछाप लगाएका थिए । त्यस्तै उक्त क्षेत्रका गुम्बाका प्रमुख लामाहरू र लाब्राङहरूले पनि प्रतिबद्धता जनाएका थिए । यस प्रतिबद्धतालाई विसं. १९९६ सालमा पुनर्लेखन गरिएको थियो भने विक्रम संवत् २०२७ सालमा सम्भोटा लिपिमा पुनः लिपिबद्ध गरियो । त्यस्तै विसं. २०२९ सालमा देवनागरी लिपिमा लिपिबद्ध गरी सबैले हस्ताक्षर गरेका थिए ।

त्यसै गरी विक्रम संवत् २०५५ सालको सांस्कृतिक उत्सव र २०६६ सालमा आयोजित पहिलो महोत्सवमा स्थानीय वासिन्दाले यसलाई निरन्तरता दिन थप प्रतिबद्धता जाहेर गरेका थिए । वि.सं. २०६९ सालमा आयोजना गरिएको श्याग्या महोत्सवमा तत्कालीन सरकार प्रमुख तथा प्रधानमन्त्री डा. बाबुराम भट्टराई, मुख्य सचिव, जिल्लाका प्रमुखहरू, राजनीतिक दलका प्रतिनिधि, लामागुरु र स्थानीयहरूको उपस्थितिमा निरन्तरताका निम्ति प्रतिबद्धतामा हस्ताक्षर गरेका थिए ।

त्यस्तै वि.सं. २०७९ सालमा चुमनुब्री गाउँपालिकाले श्याग्या परम्परा संरक्षण सम्बन्धमा बनेको ऐन, २०७९ पारित गरी स्थानीय सरकारले श्याग्या परम्परालाई कानूनी मान्यता प्रदान गरेको छ । वि.सं. २०८० सालमा आयोजित चुम शताब्दी महोत्सवको अवसरमा सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले गृहमन्त्री, पूर्वमन्त्री, जिल्लाका प्रमुखहरू, विभिन्न राजनीतिक दलका प्रतिनिधि, औतारी लामा, धर्मगुरु, लाब्राङ, स्थानीय आदिवासी जनजाति अगुवा, विज्ञ व्यक्तित्व, पत्रकार र स्थानीय समुदायको उपस्थितिमा श्याग्या ऐनलाई सार्वजनिक गर्नुभई यसको निरन्तरतामा राज्यको तर्फबाट प्रतिबद्धता-पत्रमा हस्ताक्षर गर्नुभएको थियो ।

**(क) श्याग्याका मूल प्रतिबद्धताः**

(१) **कुनै पनि जनावर तथा जीवजन्तु काटमार नगर्ने** : याक, चौँरी, भैँडा, च्याङ्ग्रा, खसी, बोका, हाँस, कुखुरा आदि पाल्तु जनावर वा पंक्षी काटमार नगर्ने । यस क्षेत्रमा आउने पाहुना, पर्यटक, कर्मचारी एवम् सुरक्षाकर्मीहरूले पनि चाडपर्व र दसैँमा समेत पशुवध नगरी अहिंसाप्रति श्रद्धा र भक्ति जाहेर गर्ने ।

**(२)** **सिकार नखेल्ने** : वन्यजन्तु, पशुपंक्षीको कल्याण गर्न यस क्षेत्रमा कसैले पनि सिकार खेल्न/ खेलाउन निषेध गर्ने । पासो थापेर वा कुनै पनि किसिमका उपायबाट चराचुरुङ्गीलगायत जङ्गली जनावर छोप्ने र मार्ने कामलाई निषेध गर्ने ।

**(३)** **मह नकाढ्ने** : भीरपाखामा माहुरीका चाकासमेत भत्काई, आगो-डडेलो लगाई मह काढ्ने चलनले हजारौँ प्राणीको ज्यान जान्छ । यस्तो प्रकारले प्राणी हत्या गरी मह काढ्ने कामलाई पनि निषेध गर्ने ।

**(४)** **डढेलो नलगाउने :** सामुदायिक वन, निजी वन एवम् चरन क्षेत्रहरूमा आगो/डढेलो नलगाउने । वनजङ्गलमा खोरिया फाँडेर खेती गर्न निषेध गर्ने ।

(५) **प्रवेश निषेध** : मासुको प्रयोजनका लागि व्यापार गर्ने उद्देश्यले कुनै पनि जीव एवम् पंक्षीलाई अहिंसा क्षेत्रभित्र प्रवेश गराउन निषेध गर्ने । कुनै पनि जनावरलाई मारेर खाने कार्यका लागि नबेच्ने ।

(६) **पशुबध पूर्ण रूपमा निषेध :** कुनै तवरबाट जीव हिंसा वा मारकाट नगर्ने चलनलाई यथावत् राख्ने अर्थात् काटमार र पशुबध पूर्ण रूपमा निषेध गर्ने, गराउने ।

## ५. प्राकृतिक स्रोत र जैविक विविधता संरक्षणमा गोवा ल्हेजेन र श्याग्याको योगदान

श्याग्या परम्पराले प्राकृतिक स्रोतको संरक्षणमा अतुलनीय योगदान पुऱ्याउँदै आएको छ । नुब्री उपत्यका र त्यस क्षेत्रमा रहेका जीवजन्तु, बोटबिरुवा र अन्य जैविक विविधताको संरक्षण र संवर्द्धन गर्दै उक्त उपत्यकालाई हिंसारहित उपत्यकाको रूपमा विकास गर्दै आएको पाइन्छ । सबै किसिमको वन्यजन्तु र घरपालुवा जनावरहरूको काटमार नगर्नुका साथै उनीहरूको बासस्थान रहेको ठाउँका जङ्गलहरूको संरक्षण गर्दै आएका कारण प्राकृतिक स्रोतको संरक्षणमा ठुलो योगदान पुऱ्याएका छन् । नुब्री उपत्यकाका सेराङ गुम्बा आसपास (साबिकको बिही गा.वि.स) मा रहेका रुखबिरुवाको संरक्षण र जङ्गली जनावर मार्न नपाउने नियम धेरै वर्ष अगाडिदेखि नै प्रचलनमा रहेको छ । त्यस्तै अन्य क्षेत्रका गुम्बा वरिपरि रहेका जङ्गल र जनावरहरूको संरक्षण पनि त्यसरी नै हुँदै आएका छन् । त्यस्तै नुब्री उपत्यकाको प्रोकमा विगत केही वर्षदेखि जनावर काटमार र हिंसा गर्ने कार्यलाई पूर्ण रूपमा प्रतिबन्ध लगाइसकिएको छ । यसरी चुमनुब्री उपत्यकामा सदियौँदेखि श्याग्यालाई उक्त क्षेत्रको पहिचान र संस्कृतिको रूपमा अवलम्बन गर्दै आएका छन् ।

श्याग्या र गोवा ल्हेजेनका कारणले पृथ्वीका लोपोन्मुख वन्यजन्तुहरू जस्तै : हिमचितुवा, खैरो भालु, ब्वाँसोलगायतका जनावर र तिनलाई आवश्यक पर्ने आहारहरूको समेत जगेर्ना हुँदै आएका छन् । काटमारका लागि पशुहरू बेचबिखन नगरिने हुनाले घरपालुवा जनावरहरूको सङ्ख्यामा भने क्रमशः कमी आएको पाइन्छ । वनजङ्गल वृद्धिका कारण जङ्गली जनावरहरूको सङ्ख्या वृद्धि हुनाका साथै अन्य जीवजन्तु र वनस्पतिहरूको संरक्षण भई जैविक विविधता संरक्षणमा अतुलनीय योगदान पुगेको छ । त्यस्तै डढेलो नियन्त्रणका कारण जङ्गल, लोपोन्मुख वन्यजन्तु र जडीबुटीहरू (कुटकी, पाँचऔँले, यार्चागुन्बु) आदिको संरक्षण हुनाले लोक्पोदेखि चुम्लिङसम्मको पैदल मात्रामा पहिला नदेखिने घोरलहरू र अन्य वन्यजन्तुहरू देख्न पाइने मनासलु संरक्षण क्षेत्र आयोजनाका तत्कालीन आयोजना प्रमुख नरेन्द्र लामाले बताएका छन् । त्यस्तै मौरीको महसमेत काट्न नपाइने नियमका कारण प्राकृतिक मौरीको संरक्षणमा टेवा पुग्नाका साथै बोटबिरुवाहरूको परागसेचनमा समेत टेवा पुगेको छ ।

### ५.१ सामाजिक, आर्थिक विकासमा योगदान

गोवा ल्हेजेन र श्याग्याका कारण धार्मिक मूल्य–मान्यता र विश्वासलाई निरन्तरता प्रदान गरी समाजमा सामाजिक एकता, धार्मिक सहिष्णुता कायम गरी शान्तिपूर्ण, हिंसारहित समाजको स्थापनामा महत्त्वपूर्ण योगदान पुऱ्याएको पाइन्छ । धार्मिक परम्पराको संरक्षण, गुम्बा, माने, छ्योर्तेनहरूको निर्माण र पुनर्निर्माणमा जनचासोको वृद्धि, गुम्बा शिक्षाको संरक्षण र निरन्तरतामा योगदान पुऱ्याई सांस्कृतिक, धार्मिक र ऐतिहासिक सम्पदाको रूपमा रहेको प्राचीन गुम्बा, माने, छ्योर्तेन र गुफाहरूको संरक्षणले पर्यटन विकासमा समेत टेवा पुऱ्याई उक्त क्षेत्रको आर्थिक उन्नति, प्रगतिमा समेत योगदान पुऱ्याएको पाइन्छ । त्यस्तै प्राकृतिक सम्पदाको संरक्षणका कारण पनि पर्यटन विकासमा पनि उत्तिकै टेवा पुऱ्याएको पाइन्छ ।

### ५.२ जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलनमा योगदान

जलवायु परिवर्तनका प्रभावका कारण आज सिङ्गो विश्व प्रभावित भइरहेको अवस्थामा नेपाल पनि अछुतो रहन सकेको छैन । जलवायु परिवर्तनको प्रत्यक्ष प्रभाव नेपाल र कम विकसित हिमाली मुलुकहरूलाई परेको छ । त्यस्तै हिमाल, खोलानाला र जङ्गलको नजिकमा बसोबास गर्ने आदिवासी जनजाति, महिला, युवाहरूलाई प्रत्यक्ष प्रभाव पारेको छ । त्यस्तै चुमनुब्री उपत्यकामा बसोबास गर्ने नुब्री जातिलाई पनि जलवायु परिवर्तवनले प्रत्यक्ष रूपमा प्रभाव पारिरहेको छ । आज सिङ्गो विश्व समुदाय जलवायु परिवर्तनलाई कसरी कम गर्न सकिन्छ भन्ने विषयमा छलफल र बहस गरिरहेको अवस्थामा सदियौँदेखि श्याग्या परम्परामार्फत जङ्गल, जैविक विविधता र अन्य प्राकृतिक स्रोतहरूको संरक्षण र दिगो व्यवस्थापन गर्दै आएका चुम्बा जातिले जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण र अनुकूलनमा महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएका छन् ।

जलवायु परिवर्तनसम्बन्धी हालसम्म भएका विभिन्न अध्ययन/अनुसन्धानका आधारमा जलवायु परिवर्तन न्यूनीकरणमा जङ्गल र अन्य प्राकृतिक स्रोतको दिगो संरक्षणमा आदिवासी जनजातिहरूको ठुलो योगदान रहेको तथ्य पुष्टि भइसकेको छ । कार्बन सञ्चितीकरणमा जङ्गलको सबैभन्दा ठुलो भूमिका हुने हुनाले चुमनुब्री क्षेत्रमा बसोबास गर्ने समुदायले श्याग्यामार्फत उल्लेखनीय योगदान पुऱ्याएको प्रस्ट देखिन्छ ।

गोवा ल्हेजेन र श्याग्याले डढेलो नियन्त्रण, चोरी सिकारी नियन्त्रण, गुम्बा र धार्मिकस्थल आसपासका रुखबिरुवा कटानमा प्रतिबन्ध लगाई जङ्गलको संरक्षण र जैविक विविधताको संरक्षामा महत्त्वपूर्ण योगदान पुऱ्याई जलवायु परिवर्तन न्यूनीकरणका साथै बाढी, पहिरो, भूक्षायको जोखिमबाट समेत जोगाउनमा योगदान पुऱ्याएको छ ।

## ६. निष्कर्ष

नुब्रीहरूले सदियौंदेखि कू–छोङा, गोवा ल्हेजेन र श्याग्या परम्परा मार्फत वनजङ्गल, भूमि र प्राकृतिक स्रोतको उपयोग, दिगो व्यवस्थापनका साथै जैविक विविधताको संरक्षण र पर्यावरणीय सन्तुलनमा उल्लेखनीय योगदान दिदै आएका छन् । यसका अतिरिक्त समाजमा शान्ति, सुव्यवस्था, सामाजिक न्याय र सम्बृद्धि कायम गराउनमा र उनीहरूको पहिचान र सांस्कृतिक निरन्तरतामा समेत महत्त्वपूर्ण योगदान पुर्‍याउदै आएको पाइन्छ । आदिवासी जनजातिहरूले अभ्यास गर्दै आएका प्रथाजनित कानून र परम्परागत शासन व्यवस्थाले जलवायु परिवर्तनको नकारात्मक असर न्यूनीकरण र अनुकुलनमा समेत उल्लेखनीय योगदान पुऱ्याएको छ । विभिन्न अध्ययन अनुसन्धानका प्रतिवेदनहरूले स्पष्ट रूपमा वनजङ्गलको संरक्षण सरकारले भन्दा आदिवासी जनजाति समुदायले व्यवस्थापन गरेको बढी प्रभावकारी रहेको देखाएको छ । यसको पुष्टि नुब्री समुदायको योगदानबाट थप प्रष्ट हुन्छ । आज विश्वकै चुनौतीको रूपमा जलवायु परिवर्तन देखा परेको छ । जलवायु परिवर्तनले जैविक विविधता र पारिस्थितिक प्रणालीमा ठूलो चुनौती सिर्जना गर्नुका साथै प्राकृतिक स्रोतको व्यवस्थापनमा समेत प्रभाव पारेको छ (Weiskopf र अन्य, २०२०) । जलवायु परिवर्तनले जैविक विविधतामा मात्र चुनौती सृजना गरेको छैन, यसले आदिवासी जनजातिहरूको सामाजिक, आर्थिक अवस्थामा समेत नकारात्मक प्रभाव पारेको छ (Bharati & Khan, २०११, पृ.८५५) । त्यसैले आज विश्वका सवै मुलुकहरू जलवायु परिवर्तनका कारण बृद्धि भैरहेको तापक्रमलाई कसरी कम गर्न सकिन्छ, कार्वन उत्सर्जन कसरी रोक्न सकिन्छ र तीव्र रूपमा ह्रास भैरहेको जैविक विविधतालाई कसरी कम गर्न सकिन्छ भनेर सिङ्गो विश्वका मुलुकहरू र सरोकारवाला संस्था लागि परेको छ । आज विश्वका ६ प्रतिशत आदिवासी जनजातिहरूले ८० प्रतिशत जैविक विविधता संरक्षण गरिरहेका

छन् (Fleck, २०२२) । नेपालका नुब्री जातिहरूले पनि आफ्नै प्रथाजनित शासन पद्धती मार्फत उनीहरूको आफ्नो समुदाय र भूक्षेत्रमा रहेका वनजङ्गल, पानीको स्रोतहरू, चरनक्षेत्र र जैविक विविधताको संरक्षण र दिगो व्यवस्थापन गर्दै आएका छन् । प्राकृतिक स्रोतहरूलाई उनीहरूले सामूहिकताको आधारमा संरक्षण, उपभोग र लाभको समन्यायिक बाँडफाँड गर्दै आएका छन् । प्राकृतिक स्रोतको संरक्षण र दिगो व्यवस्थापन सम्वन्धी उनीहरूको आफ्नै परम्परागत ज्ञान रहेका छन् । जलवायु परिवर्तन र अन्य प्राकृतिक प्रकोपका कारण सृजित चुनौतीको सामना गर्दै उनीहरूको ज्ञानका आधारमा अनुकुलन गर्दै आइरहेका छन् । आधुनिक राज्यको शासन व्यवस्था र विकासले चुनौती थपिरहेको सन्दर्भमा चुमनुब्री गाउँपालिकाले श्याग्या परम्परालाई कानूनी मान्यता दिई नुब्री समुदायको प्रथाजनित संस्था र परम्परागत शासन पद्धतिलाई सम्मान गरेको छ ।

आदिवासी जनजातिहरूसंग दिगो रूपमा प्राकृतिक स्रोतहरूको व्यवस्थापन र प्रयोग र दिगो रूपमा कसरी जीविकोपार्जन गरी जीउने भन्ने सम्वन्धी ज्ञान हुन्छ (whyte, २०१७ पृ.४) । नुब्रीहरूलाई भूक्षय, बाढीपहिरोबाट आफू र आफ्ना गाउँलेहरूलाई कसरी जोगाउने भन्ने राम्रो ज्ञान छ । त्यसैले गाउँ भन्दा माथिल्लो भागमा जङ्गलहरू काट्न नपाउने श्याग्या प्रणाली लागु गरी संरक्षण गर्दै आएका छन् । गाउँको विकास, सामाजिक, सांस्कृतिक परम्पराहरूको निरन्तरता, समाजमा सामाजिक एकता कायम गरी सामाजिक संरचना र सामाजिक प्रणालीको निरन्तरतामा पनि उत्तिकै योगदान पुर्‍याएको छ । नुब्री जातिहरू बौद्ध धर्मावलम्बी भएका कारण धार्मिक मूल्य मान्यता अनुरूप व्यवहार गर्दछन् । बौद्ध दर्शनको पञ्चशीलमा उल्लेखित अहिंसाको सिद्धान्तलाई श्याग्या परम्परा मार्फत पूर्ण रूपमा परिपालना गर्दै आएका छन् । नुब्रीहरूको जीवन र जगतप्रति हेर्ने आफ्नै विश्व-दृष्टिकोण रहेको छ । उनीहरूले आफ्नो वरिपरीको प्रकृति, वातावरण, जैविक विविधता, प्राकृतिक स्रोत र प्राणीहरूलाई कुनैपनि हानी हुने कार्य गर्दैनन् । तिनीहरू एक अर्काको बीच सम्मान, पारस्परिक सम्वन्ध र सहअस्तित्वको सिद्धान्तका आधारमा सम्वन्धलाई निरन्तरता दिंदै आइरहेको छ । समाजको संरचना, सामाजिक सम्बन्ध, सामाजिक प्रणाली र सांस्कृतिक मूल्य मान्यता र पहिचानको निरन्तरतामा नुब्री समुदायमा अभ्यासमा रहेको प्रथाजनित कानून र उनीहरूको ज्ञानका ठूलो भूमिका रहेको छ ।

## सन्दर्भ सामाग्री


गुरुङ, नीर वहादुर (२०७६), हिमाली बौद्ध धर्ममा वेयुल परम्पराको परिचय । नेपाल शेर्पा संघ स्मारिका –२०७६ । काठमाडौः नेपाल शेर्पा संघ

मनास्लु संरक्षणक्षेत्र आयोजना, (२०७७), व्यवस्थापन कार्ययोजना संरक्षण क्षेत्र व्यवस्थापन समिति, ( विही, प्रोक, ल्हो, सामागाउँ वि.स. २०७७–२०८१) । गोरखाः राष्ट्रिय प्रकृति संरक्षण कोष, मनास्लु संरक्षणक्षेत्र

Bharali, S., & Khan, M. L. (2011). Climate change and its impact on biodiversity; some management options for mitigation in Arunachal Pradesh. *Current Science*, *101*(7), 855. http://www.jstor.org/stable/24079121

Childs, G. (2001). A brief history of Nubri: Ethnic interface, sacredgeography and historivcal migrations in a Himalayan locality.*Retrievded from* 2001_GChilds_Nubri_History.pdf.

Fleck, A. (2022, July 19). *Indigenous communities protect 80% of all biodiversity*. In Indigenous Knowledge. Retrieved from https://www.statista.com/chart/27805/indigenous-communities-protect-biodiversity/

Parsons, T. (1982). *Social action, social institutions, social systems, social change*. Chicago: University of Chicago Press. Retrieved from https://archive.org/details/talcottparsonson0000pars

Weiskopf, S. R., Rubenstein, M. A., Crozier, L. G., Gaichas, S., Griffis, R., Halofsky, J. E., Hyde, K. J. W., Morelli, T. L., Morisette, J. T., Muñoz, R. C., Pershing, A. J., Peterson, D. L., Poudel, R., Staudinger, M. D., Sutton-Grier, A. E., Thompson, L., Vose, J., Weltzin, J. F., & Whyte, K. P. (2020). Climate change effects on biodiversity, ecosystems, ecosystem services, and natural resource management in the United States. *Science of the Total Environment*, *733*, 137782. https://doi.org/10.1016/j.scitotenv.2020.137782

Whyte, K. (2017, January 27). *What do Indigenous knowledges do for Indigenous peoples?* In M. K. Nelson & D. Shilling (Eds.), *Keepers of the green world: Traditional ecological knowledge and sustainability* (Forthcoming). Available at SSRN: https://ssrn.com/abstract=2612715

❑❑